आज मिति २०८३।०१।२९ गते मंगलबारको दिन बिहान ८ बजे यस नवराजपुर गाउँपालिकाको अध्यक्ष श्री शिव उदगार यादव ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो।

<u>उपस्थिति</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिव उदगार यादव | अध्यक्ष | |
| २ | पुनम कुमारी यादव | उपाध्यक्ष | |
| ३ | नविन कुमार यादव | वडा अध्यक्ष वडा न.१ | |
| ४ | सुरेश कुमार यादव | वडा अध्यक्ष वडा न.२ | |
| ५ | वंसीलाल यादव | वडा अध्यक्ष वडा न.३ | |
| ६ | देवराम यादव | कार्यवाहक वडा अध्यक्ष वडा न.४ | |
| ७ | जयप्रकाश यादव | वडा अध्यक्ष वडा न.५ | |
| ८ | देव कुमारी यादव | सदस्य | |
| ९ | कुमारी देवी मण्डल | सदस्य | |
| १० | सिफैत कुमारी मुखिया | सदस्य | |
| ११ | प्रमिला देवी महरा | सदस्य | |
| १२ | जागृती चौधरी कलवार | सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | परमिला कुमारी सार्की | सदस्य | प्रमिला |
| १४ | सरोज कुमार सिंह | सचिव | |

प्रस्तावहरु:

१. विधुतिकरणको लागि पोल खरिद कार्यमा रकम थप सम्बन्धमा।

२. जनशक्ति थप सम्बन्धमा

३. विविध

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ. व. २०८२/०८३ को गा.पा. स्तरीय योजना तथा कार्यक्रम विधुतिकरणको लागि पोल खरिद कार्यको लागि रकम रु. ६,००,०००।-(अक्षरेपी छ लाख रुपैंया मात्र) विनियोजन भएको र उक्त रकम मा आवश्यक विधुतिकरणको लागि पोल कार्य पूर्ण नहुने हुँदा उक्त योजनामा कन्टिजेन्सि रकमबाट खर्च हुने गरि रकम रु. ३,००,०००।-(अक्षरेपी तिन लाख रुपैंया मात्र) थप गरि कुल योजनाको रकम रु. ९,००,०००।-(अक्षरेपी नौ लाख रुपैंया मात्र) को योजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दानवराजपुर आधारभूत अस्पताल, नवराजपुरको लागि तपसिल बमोजिमको जनशक्ति करार सेवाबाट थप गर्ने निर्णय गरियो ।

तपसिल:

- मेडिकल अधिकृत —१ जना
- रेडियोग्राफर — १ जना
- फार्मेसी सहायक — १ जना
- डेन्टल हाईजेनिस्ट — १ जना
- अ न मि — २ जना
- अ हे ब — २ जना
- प्रशासन साहयक — १ जना
- कबिराज — १ जना
- हलुका सवारी चालक — १ जना

३. प्रस्ताव नं. ३ (विविध) माथि छलफल गर्दा कन्टिजेन्सि शिर्षक बाट विपन्न परिवारहरुलाई खानेपानी आवश्यक रहेकोले रक रु. ३०००००.००/- को खानेपानीको लागि डिप टयुबवेल जडान कार्य तथा रु. १०००००.००/- को ह्युम पाईप खरिद कार्य योजना बनाई कर्यनोयान गर्ने निर्णय गरियो।